आज मिति **२०७७०३।२१ गते आईतवारका** दिन यस तिरहुत गाउँपालिकाको अध्यक्ष श्री हेमन्त कुमार बहडखेरज्यूको अध्यक्षतामा कार्यपालिकाको वैठक बसि तपसिल बमोजिमको कार्यपालिका सदस्यहरुको उपस्थितीमा बसी विभिन्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

अध्यक्ष : श्री हेमन्तकुमार बहडखेर

उपाध्यक्ष : श्री तिर्थमाया खत्वे

सदस्य : श्री शिवनारायण महतो

सदस्य : श्री जयप्रकाश यादव

सदस्य : श्री भोगानन्द यादव

सदस्य : श्री मनोजकुमार यादव

सदस्य : श्री रमानन्द चौधरी

सदस्य : श्री चन्द्रकला देवी

सदस्य : श्री मायादेवी खंग

सदस्य : श्री सकुन्ती देवी साह

सदस्य : श्री भोला खंग

सदस्य : श्री रामकला देवी सदा

सदस्य : श्री सत्रुघन खंग

सचिव : श्री निरज कुमार देव

**प्रस्तावहरु**

१ विनियोजन विद्येक सम्बन्धमा ।
२ आर्थिक विद्येक सम्बन्धमा ।
३ चौथो गाउँसभाको विभिन्न समितिका प्रतिवेदन सम्बन्धमा ।
४ वार्षिक निति बजेट तथा कार्यक्रम सम्बन्धमा ।
५ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १** तिरहुत गाउँपालिकाको आर्थिक वर्ष २०७७०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने विनियोजन गर्ने सम्बन्धमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा छलफल भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भए बमोजिमको तिरहुत गाउँपालिकाको विनियोजन विधेयक २०७७ स्वीकृत गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** तिरहुत गाउँपालिकाको राजश्व परामर्श समितिको निर्णय र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई पेश भएका तिरहुत गाउँपालिकाको आर्थिक वर्ष ०७७०७८ को अर्थ सम्बधी प्रस्तावलाई कार्यान्वयन गर्न निमित स्थानीय कर शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम तिरहुत गाउँपालिकाको आर्थिक विधेयक, २०७७ को प्रस्ताव स्वीकृत गरी अनुमोदनका लागि गाउँसभाकोमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** तिरहुत गाउँपालिकाको चौथो गाउँसभाकालागि श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति,। स्थानीय राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन सर्वसम्मतीबाट पारित गरि गाउँसभामा पेश गर्ने निर्णय `गरियो साथै सोहि बजेट विनियोजन अनुसार वडा स्तरिय तथा गाउँपालिका स्तरिय कार्यक्रम तथा योजना समेत सर्वसम्मतीबाट पारित गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** तिरहुत गाउँपालिकाको चौथो गाउँसभाकालागि वार्षिक निति बजेट तथा कार्यक्रम सर्वसम्मतीबाट पारित गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** तिरहुत गाउँपालिकाको विभिन्न मितिमा भएका शिक्षा समितिका निर्णयहरु सर्वसम्मतीबाट पारित गरियो ।